# सिद्धार्थनगर नगरपालिका कार्यालयको जेष्ठ नागरिकको सुरक्षा सम्बन्धि अत्यन्त जरुरी सूचना ।

जेष्ठ नागरिक सम्बन्धि ऐन २०६३ को दफा ५( उपदफा १देखि ८ सम्म) बमोजिम

- जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नुपर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफुसगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो जेष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजुरी दिन सक्नेछ ।
- उपदफा (१) बमोजिम कुनै उजुरी परेमा त्यस्तो उजुरीउपर वडा अध्यक्षले आवश्यक जाँचबुझ गरी निजलाई पालनपोषण तथा हेरचाह गर्नुपर्ने परिवारको सदस्य, नातेदार वा हकवालाबीच मेलमिलाप गराईदिनु पर्नेछ ।
- उपदफा (२) बमोजिम मेलमिलाप हुन नसकेमा वडा अध्यक्षले त्यस्तो जेष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ ।
- उपदफा (३) बमोजिम वडा अध्यक्षले दिएको आदेश सम्बन्धित वडा कार्यालयको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनु पर्नेछ ।
- उपदफा (३) बमोजिम वडा अध्यक्षले दिएको आदेश चित्त नबुझ्ने पक्षले सो आदेश प्राप्त गरेको मितिले सात(७) दिन भित्र सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।
- उपदफा (५) बमोजिमको निवेदन परेमा सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखले दुवै पक्षलाई बोलाई सम्झाई बुझाई जेष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्न परिवारको सदस्य, नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ ।
- उपदफा (६) बमोजिम गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुखले दिएको आदेश सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सूचनापाटीमा र अन्य उपयुक्त स्थानमा टाँस्न लगाउनु पर्नेछ ।
- उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना सम्बन्धित व्यक्तिले गर्नु पर्नेछ । निजले त्यस्तो आदेशको पालना नगरेमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो व्यक्तिको सम्बन्धमा कुनै पनि विषयको सिफारिश गर्न वडा अध्यक्ष, गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुख बाध्य हुने छैन ।

०८०।५।१२

टीकादत्त राई
प्रमुख एवम कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय

टीकादत्त राई
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय